This translation was developed by a local academic team with Mapi Research Trust's permission. You are authorized to use it within an academic research program, for individual clinical use or university degree. Although the local team respected the author's requirements, this version is not validated for commercial use.

It should be noted that Mapi/ICON was not involved in the linguistic validation process of this language version. For this reason, Mapi/ICON will not supply any translation certificates or supporting documentation.

For any information or questions, please submit a request in the ePROVIDE system.

Thank you !

**Nepali version of BI**

मुल बार्थल इन्डेस्क (मोहोनी र बार्थल, १९६५)एउटा क्षेत्रको अनुसन्धान गर्ने १० ईकाईहरु मिलेर बनेको छ ।

मापन

| कार्यक्षेत्रहरु | बुँदाको संख्या | बुँदाको समुह | बुँदा उल्ट्याई | कार्यक्षेत्रको दिशा |
|---|---|---|---|---|
| दैनिक जीवनका कियाकलापहरु | १० | १-१० | छैन | उच्च अंक= आत्मनिर्भताको उच्च चरण |

क्षेत्रहरुको मुल्याकंन

| | |
|---|---|
| बुँदा मापन | दुई भागमा विभाजन गरिएको ‘‘सहयोगीको साथ’’, आत्मनिर्भर र बुँदा अनुसार फरक-फरक अंक दिइने |
| बुँदाको जोखाई | छैन |
| अंकको दायरा | कुल प्राप्ताङ्क ०-१०० |
| अंक दिने | प्रत्येक बुँदाको मुल्याकंन गर्न तलका निर्देशनहरु पलना गर्नुहोस । |

| | |
|---|---|
| प्रकिया | बिरामीले कुनै कियाकलाप गर्न सक्दैन भने अंक ० दिइन्छ ।त्यसैले अंक ० प्रत्येक बुँदाको लागि सम्भावित अतिरिक्त अंक हो ।( वास्विक प्रश्नावलीमा उल्लेख गरिएको छैन )।<br>• बिरामीको लागि कुनै बुँदा लागु हुँदैन भने पनि अंक ० दिइन्छ ।<br>नोट : अकं व्याख्या गर्दा अंक ० लाई ध्यानमा राखिनु पर्दछ । कृपया ‘‘अकंको व्याख्या’’ खण्डबाट परामर्श लिनुहोस ।<br>• कुल प्राप्ताकं भनेको सबै बुँदाहरुको योगफल हो ।<br>**१. खाना खाने**<br>१०=आत्मनिर्भर। भेट्ने ठाँउमा कसैले खाना रादिदिए, बिरामीले टेबल वा थालीबाट आाफै खान सक्छ ।उसले आवश्यक परेमा सहयोगी उपकरणको सहयोग लिने, |

| | |
|---|---|
| | खाना काट्ने, खाना टुक्राउने, खाना मुछ्ने, नुन र मरिच (मसला) प्रयोग गर्ने नौनी दल्ने, आदि गर्नुपर्छ । यो काम उचित समयमा पुरा गर्नुपर्छ ।<br>५=केहि सहयोग आवश्यक पर्दछ, (माथि सुचिकृत भए जस्तै खाना काट्न, आदि)<br>**२. व्हिलचियरबाट ओछ्यानमा सर्ने र फर्किने**<br>१५=यस क्रियाकलापका सबै चरणहरुमा आत्मनिर्भर हुनु । बिरामी सुरक्षित साथ आफ्नो व्हिलचियरमा खाटको नजिक पुग्न ब्रेक लगाउन, व्हिलचियरको खुट्टा राख्ने भाग उठाउन, खाटमा सुरक्षित सर्न, पल्टिन, खाटको छेउमा आएर बस्न, व्हिलचियरको स्थान परिवर्तन गर्न र यदि आवश्यक परेमा सुरक्षित रुपमा सरेर व्हिलचियरमा फिर्ता हुन सक्छ ।<br>१०=यी क्रियाकलापका केहि चरणमा केहि न्युनतम सहयोगको आवश्यक पर्छ वा बिरामीको सुरक्षाको लागि यी क्रियाकलापका एक वा एक भन्दा बढि भागहरुमा समझाउन वा पर्यवेक्षण गर्न आवरश्यक पर्छ ।<br>५=बिरामी दोस्रो व्यक्तिको सहयोगबिना बस्ने आसनमा आउन सक्छ तर खाटबाट बाहिर सार्दा उचाल्नुपर्छ वा यसरी सर्नको लागि धेरै सहयोगको आवश्यक पर्छ ।<br>• केहि उदाहरणहरु<br>• यदि बिरामी व्हिलचियरको प्रयोग नगरी चलायमान छ भने अंक १५ हुनेछ।<br>• यदि बिरामीहरुले व्हिलचियर प्रयोग गर्नुपरेमा माथी वर्णन गरिए अनुसारका सबै क्रियाकलापहरुमा स्वतन्त्र रुपमा यसको प्रयोग गर्न सक्षम भएमा अंक १५ हुनेछ ।<br>• यदि बिरामीले व्हिलचियर प्रयोग गर्न सक्षम छैन भने उसको अंक=०, कुनै पनि माध्यामबाट व्हिलचियरलाई आफै उद्देश्यपूवर्क अगाडि गुडाउने क्षमतालाई कमसेकम ५ अंक दिइनेछ ।<br>• यदि बिरामी आफै खाटमा बस्न सक्छ तर व्हिलचियरमा सर्न निर्भर छ तर त्यसपछि अगाडी गुडाउन सक्छ भने अंक=५<br>• यदि बिरामीलाई सर्ने प्रक्रियामा र सुरक्षित व्हिलचियरको प्रयोगमा सुरक्षित संकेत सहित, केहि सहयोगको, आवश्यक छ भने अंक=१०।<br>• यदि बिरामी सुरक्षित रुपमा खाटबाट व्हिलचियर सर्न र पछाडि फर्किने सबै पक्षहरुमा आत्मनिर्भर छ भने, अंक=१०।<br>• यदि बिरामी सुरक्षित रुपमा खाटबाट व्हिलचियर सर्न र पछाडि फर्किने |

सबै पक्षहरुमा आत्मनिर्भर छ भने, अकं = १५

**३. व्यक्तिगत सरसफाई गर्ने ।**

५=बिरामीले हात र मुख धुन, कपाल कोर्न, दाँत सफा गर्न र दाह्रि काट्न सक्दछ । उसले कुनै पनि प्रकारको दाह्रि काट्ने मेसिन प्रयोग गर्नसक्छ तर कुनै पनि सहयोगबिना ब्लेड राख्ने, वा दाह्रि काट्ने मेसिनको तार जोड्ने गर्नुपर्छ र यसका साथै दराज वा घरराबाट लिएर यसको प्रयोग गर्न सक्नुपर्छ । महिला बिरामीहरुले सृंगार गर्नु परेमा आफै गर्न सक्नुपर्छ , तर चुल्ठो बाट्न वा कपाल बनाउन आवश्यक छैन ।

**४. शौचालयको प्रयोग गर्ने**

१०=बिरामी शौचालयमा जान र आउन सक्ने, लुगाहरु लगाउने र खोल्ने, लुगाहरु फोहोर हुनबाट रोक्ने र सहायताबिना ट्वाइलेट पेपरको (पानीको) प्रयोग गर्न सक्ने हुनुपर्छ । यदि आवश्यक परे उसले पर्खालको डन्डी वा अन्य स्थिर वस्तुको आड लिन सक्छ । यदि शौचालयको सट्टा बेड प्यानको कोपाराको प्रयोग आवश्यक छ भने, ऊ यसलाई कुर्सिमा राख्न खाली गर्न र सफा गर्न सक्षम हुनुपर्दछ ।

५=बिरामीलाई असन्तुलनको कारण वा कपडा सम्हाल्न वाट्वाईलेट पेपर प्रयोग गर्न सहयोग आवश्यक पर्दछ ।

**५. आफै नुहाउने**

५=बिरामीले बाथ टवको, सावरको(बाल्टीबाट खनाउने/धाराबाट जिउमा थापेर नुहाउने) प्रयोग गर्न वा स्योन्जले(जालोले) पुरै नुहाउन सक्दछ । उसले जुनसुकै विधि प्रयोग गरेर भएपनि नुहाउनसंलग्न भएका सबै चरणहरु अर्को व्यक्तिको अनुपस्थितिमा गर्न सक्षम हुनुपर्दछ ।

**६.समतल सतहमा हिँड्ने( यदि बिरामी हिँड्नको लागि असमर्थ छ भने तल छ (क) को निर्देशन पालना गर्नुहोस ।**

१५=कुनै पनि सहयोग वा पर्यावेक्षण बिना बिरामी कम्मिा ५० यार्ड(१५० फिट) हिँड्न सक्छ ।उसले ब्रेस वा कृतिम अंक लगाउन र बैसाखी, लौरो वा वाकर प्रयोग गर्न सक्छ तर गुड्ने  वाल्कर प्रयोग गर्नमिल्दैन यदि ब्रेस प्रयोग छ भने त्यसलाई आफै बाध्न र खोल्न, उभिरहन र तल बस्न, प्रयोगको लागि आवश्यक यान्त्रिक सहयोगहरु उचित ढङ्गले लिन र बस्दाखेरि त्यसलाई निकाल्न सक्षम हुनुपर्छ । (ब्रेस लगाउने र खोल्ने प्रकृयालाई लुगा लगाउने क्षेत्र अर्न्तगत अकं दिइन्छ ।

१०=बिरामीलाई माथिका कुनै पनि कियाकलापहरुमा सहयोग वा पर्यवेक्षण

आवश्यक पर्दछ तर थोरै मद्दतले कम्तिमा ५०यार्ड (१५० फिट) हिँड्न सक्दछ ।

६ क. व्हिलचियर गुडाउन (यदि बिरामीले हिँड्नको लागि अंक पाएको छ भने यसमा अकं नदिनुहोस)

५=यदि बिरामी हिँड्न सक्दैन तर आफै व्हिलचियर अघि गुडाउन सक्छ । उसले व्हिलचियरलाई कुना काप्चाको वरिपरि जान, घुम्न र टेबल ओछ्यान, शौचालय, आदिमा पुचाउन सक्षम हुनुपर्छ । उसले कमसेकम ५० यार्ड (१५० फिट) व्हिलचियर गुडाउन सक्षम हुनुपर्दछ ।

**७. भर्याङ चढ्ने वा ओर्लने**

१० = बिरामी कुनै सहयोग वा पर्याविक्षण बिना नै सुरक्षितसँग एक तला भर्याङ चढ्न र ओर्लन सक्दछ । उसले आवश्यक परेको बेलामा रेलिङ, लौरो वैशाखी प्रयोग गर्न सक्छ वा गर्नुपर्दछ । उसले भर्याङ चढ्ने वा ओलर्ने क्रममा लौरो वा वैशाखि बोक्न सक्नुपर्छ ।

**८. लुगा लगाउने र खोल्ने**

१०=बिरामी लुगा लगाउन, खोल्न र यि लगाएका लुगा मिलाउन र जुत्ताको तुना बाँध्न सक्षम छ । यि क्रियाकलापका लागि वैकल्पिक सामाग्रिको प्रयोग आवश्यक नपरेसम्म) यी क्रियाकलापमा यदि कर्सेट वा ब्रेस तोकिएको छ भने त्यसलाई लगाउने खोल्ने र बाँध्ने पनि समावेश हुन्छन् । आवश्यक परेमा विशेष लुगाहरु जस्तै सस्पेन्डर्स, लोफर जुत्ता अगाडिपट्टि खुला भएको कपडा प्रयोग गर्न सकिन्छ ।

५=बिरामीलाई कुनै पनि किसिमका लुगा लगाउन, खोल्न वा लगाएका लुगा मिलाउन सहयोग आवश्यक पर्दछ । उसले कमसेकम आधा काम आफै गर्नुपर्दछ । उसले उचित समयमा यसलाई पुरा गर्नुपर्दछ । यदि लगाउनै पर्छ भनेर तोकिएको छैन भने ब्रा अथवा गर्डलको प्रयोगमा अकं दिन आवश्यक छैन ।

**९. दिसाको नियन्त्रण गर्ने**

१०=बिरामीले दिसाको नियन्त्रण गर्न सक्षम छ र दिसा चुहिएको छैन । आवश्यक परेमा उसले सपोजिटरिको प्रयोग वा इनिमा( दिसा सहज बनाउने औषधी) लिन सक्छ (जस्तै मेरुदण्डको चोटको बिरामी जसले दिसाको नियन्त्रणमा तालिम पाईसकेका छन् )।

५=बिरामीलाई सपोजिटरिको प्रयोग गर्न वा इनीमा लिन सहयोग आवश्यक पर्दछ वा बेलाबेलामा दिसा चुहिन्छ ।

| | |
|---|---|
| | **१०. पिसावको नियन्त्रण गर्ने**<br>१०=दिन र रात दुवैमा बिरामीले पिसाव नियन्त्रण गर्न सक्दछ। मेरुदण्डको चोटको बिरामी जसले वाह्य उपकरण र खुट्टामा लगाउने पिसाव थैली लगाउछन् उनीहरुले यसलाई आत्मनिर्भर रुपमा लगाउनुपर्दछ थैलीलाई सफा र खाली गर्न सक्नुपर्छ र दिन र रातमा सुख्खा बस्न सक्नुपर्छ।<br>५=बिरामीको पिसाव कहिलेकाँहि चुहिएको छ वा बेड प्यान नआउन्जेल कुर्न सक्दैन वा समयमै शौचालय जान सक्दैन वा वाह्य उपकरण आवश्यक पर्दछ। |

बार्थल इन्डेस्क

| | | **मद्दतकोसाथ** | **आत्मनिर्भर** |
|---|---|---|---|
| १. | खाना खाने<br>(यदि खानालाई काट्न आवश्यक छ =मद्दत) | ५ | १० |
| २. | व्हिलचियरबाट ओछ्यानमा सर्ने र फर्किने<br>(खाटमा बस्नु पनि समावेश छ ) | ५-१० | १५ |
| ३. | व्यक्तिगत सरसफाई गर्ने (मुख धुन, कपाल कोर्न दाह्रि काट्न दाँत सफा गर्न) | ० | ५ |
| ४. | शौचालय प्रयोग गर्ने (कपडा सम्हाल्ने, पुछ्ने बगाउने) | ५ | १० |
| ५. | आफै नुहाउने | ० | ५ |
| ६. | समतल सतहमा हिँड्ने (अथवा यदि हिँड्न, व्हिलचियर गुडाउन सक्दैन)<br>*हिँड्न नसक्दा मात्रै अकं दिने | १०<br>०* | ५<br>५* |
| ७. | भर्याङ चढ्ने र ओलर्ने | ५ | १० |
| ८. | लुगा लगाउने (तुना बाँध्ने सहित) | ५ | १० |
| ९. | दिशा नियन्त्रण गर्ने | ५ | १० |

| | | | |
|---|---|---|---|
| १०. | पिसाव नियन्त्रण गर्ने | ५ | १० |

**Copyright Information**

**©**
**Barthel Index**
**MedChi, 1965. All Rights Reserved.**

**The Maryland State Medical Society holds the copyright for the Barthel Index.**



**Mahoney FI, Barthel D. "Functional evaluation: the Barthel Index."**
**Maryland State Med Journal 1965;14:56-61. Used with permission.**

**Permission is required to modify the Barthel Index or to use it for commercial purposes.**